# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३०] काठमाडौं, असोज २७ गते २०३७ साल [संख्या २७

श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले नगर पञ्चायत ऐन, २०१९ को दफा ६ को उप-दफा (२) ले दिएको अधिकार प्रयोग गरी मिति २०३३।११।१२ को निर्णयानुसार सोही मितिदेखि लागू हुने गरी भेरी अञ्चलको सुर्खेत जिल्ला अन्तर्गत पर्ने पूर्व नेवारखोला, पश्चिम वाङ्गे सिमल डाँडाको पूर्व जलाधार, उत्तर वयल काँडा, गोठी काँडा, लाडे र गर्गरे डाँडाहरूको दक्षिणी पानी-ढलो र सिद्धपाइला, दक्षिण पूर्व-पश्चिम पञ्चायती मूलबाटो, यति चारकिल्लाभित्रको १०,५१८ जनसंख्या भएको वयल काँडा गाउँ पञ्चायतको केही भाग, गोठी काँडा गाउँ पञ्चायतको केही भाग, जर्बूटा गाउँ पञ्चायतको केही भाग र कटुकुवा गाउँ पञ्चायतको पूरै भागसमेतको क्षेत्र-लाई १ देखि ११ वडासम्म विभाजन गरी वीरेन्द्रनगर नगर पञ्चायत क्षेत्र घोषित गरेको छ।

आज्ञाले–
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

356

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।